तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या ८/०७९/०८० (१३८) मिति २०७९/११/२६ गते ।

प्रस्तावहरुः

१. नगर प्रमुखज्यूको वैदेशिक भ्रमण सम्बन्धमा ।
२. हरियाली प्रवर्द्धन तथा नगर सरसफाई अभियानको १०० औ श्रृङ्खला सम्बन्धमा ।
३. अव्यवस्थित बसोबासी सिफारिस सम्बन्धमा ।
४. लुम्बिनी विशिष्टिकृत सहकारी संघ लिमिटेडलाई लिजमा जग्गा उपलब्ध गराउन सिफारिस गर्ने सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं.-१

बेलायतको Aston University को Aston Business School, Aston Crisis Management centre बाट Digitising Disaster Risk Reduction And Response Governance Opportunities And Challenges In The Himalayas विषयक कार्यशाला कार्यक्रममा मिति २६-२९ मार्च २०२३ का लागि तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणलाई निमन्त्रणा गरेकाले यस नगरपालिकाको आर्थिक दायित्व नरहने गरी उक्त कार्यक्रममा नगर प्रमुख श्री रामकृष्ण खाणलाई सहभागी गराउने निर्णय गरियो । साथै उक्त भ्रमणलाई स्वीकृतीको लागि स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

तिलोत्तमा नगरपालिकाको हरियाली प्रवर्द्धन तथा नगर सरसफाई अभियानको १०० औ श्रृङ्खला पुगेको अवसरमा आयोजना गरिएको सप्ताहव्यापी कार्यक्रम र मूल समारोह कार्यक्रमको लागि तिलोत्तमा नगरपालिकाको आ.व. २०७९/०८० को नगर विकास योजनाको क्र.स.५०१० वातावरण संरक्षण जलवायु परिवर्तनका क्र.स. १,२,३,४,५,६ बाट देहायको प्रस्ताव स्वीकृत गरी सोही बमोजिम खर्च गर्ने निर्णय गरियो ।

२०७९/११/२६ ... नारायण अर्याल
... अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प्रस्ताव :

| क्र.स. | कार्यक्रम | आबश्यक बजेट | कैफियत |
|---|---|---|---|
| १ | २०७९-१०-२७ गतेको कार्यपालिका बैठक देखि गठन भएको हरियाली प्रबर्धन तथा सरसफाई अनुगमन तथा सहजीकरण समिती र कार्यन्वयन तथा ब्यबस्थापन समितीको जिम्मेवारी बाडफाड | ७५०००.०० | ५*१०=१५*१५०० |
| २ | अनुगमन तथा सहजीकरण समीतिको सहित हरियाली प्रबर्धन तथा सरसफाई ब्यबस्थापन तथा कार्यन्वयन समितीको कार्यक्रम तयारि | २१०००० | २०*७=१४०*१५०० |
| ३ | कार्यपालिका र ब्यबस्थापन तथा कार्यन्वयन समिती बैठक | | |
| ४ | सम्पूर्ण नगर स्तरीय टोल बिकाश संस्था संजालका पदाधिकारी संगको बैठक | ३५००० | ३५*१००० |
| ५ | सम्पूर्ण सरकारी, सामुदायिक तथा संस्थागत बिद्यालय तथा क्याम्पसका प्र.अ. संग बैठक | २५००० | १००*१=१००*२५० |
| ६ | बैंक, वित्तीय संस्था तथा सहकारी संगको बैठक | १५००० | ६०*२५० |
| ७ | सम्पूर्ण खानेपानी तथा सरसफाई संस्था /सामुदायिक बन/ १६/३६ सिचाई मौजा लगायत वास, सुन्दरनेपाल २ नं तथा रोटरी/रोत्र्याक जस्ता संस्था संग बैठक | १२५०० | ५०*२५० |
| ८ | सम्पूर्ण शाखा प्रमुख तथा वडा सचिब संगको छलफल कार्यक्रम | ६०००० | ४०*१५०० |
| ९ | सम्पूर्ण राजनीतिक दल, संघ संस्था, सुरक्ष्या निकाय संग छलफल | १५००० | ६०*२५० |
| १० | सम्पूर्ण टोल बिकाश संस्थाको छलफल | १४७००० | २१०*७०० |
| ११ | नगरपालिका क्षेत्रमा हाल सम्मका कार्यक्रमका उपलब्धि तथा आगामी कार्ययोजना सहितको प्रेस नोट सहित सम्पूर्ण काम | २०००० | १०००००.०० |
| १२ | नगरपालिका क्षेत्रमा हाल सम्मका कार्यक्रमका उपलब्धि तथा आगामी कार्ययोजना सहितको मुक पत्र तयारि | २०००० | १००००१.०० |
| १३ | नगरपालिका क्षेत्रमा हाल सम्मका कार्यक्रमका उपलब्धि तथा आगामी कार्ययोजना सहितको संक्षिप्त प्रतिबेदन सहित सम्पूर्ण काम | २०००० | १००००२.०० |
| १४ | मिडिया तथा सुचना प्रसारण | २५००० | १००*२५० |
| १५ | टेलिभिजन संगको सहकार्य | १५००००.०० | |
| १६ | अनलाइन न्युज | ३००००.०० | |



२०७९/११/२३
नारायण अर्याल
...सनीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही

| | | | |
|---|---|---|---|
| १७ | सम्पूर्ण कार्यक्रमको Image/Video कभरेज गर्ने र दैनिक प्रसारण गर्ने | १०००००.०० | |
| १८ | सम्पूर्ण कार्यक्रमको Image/Video कभरेज भएको भिडियो सम्पादन गरि डकुमेन्ट्री बनाउने | १०००००.०० | |
| १९ | स्मारिका किताब तयार गरि सम्पादन गर्ने | १०००००.०० | |
| २० | स्मारिका किताब प्रकाशन गर्ने र वितरण | २०००००.०० | |
| २१ | डिजिटल बोर्ड | १०००००.०० | |
| २२ | ब्यास खरिद | २०००००.०० | ५००० वटा |
| २३ | जिन्गल निर्माण (अडियो/भिडियो) | ५००००.०० | |
| २४ | नो हर्न नगरपालिका फ्लेक्स | २०००००.०० | |
| २५ | पत्रकार सम्मेलन (नगरपालिका सभाहल ) | १०००००.०० | |
| २६ | टेलिभिजन बहस (नगरपालिका प्राङ्गणमा) | ५००००.०० | |
| २७ | "ग्रिन तिलोत्तमा क्लिन तिलोत्तमा" बिषयमा बिद्यालय स्तरीय वक्तृत्वकला तथा कला प्रदर्सनी वक्तृत्वकला:- शान्ति नमुना मा.बि. तथा कला प्रदर्शनीः- PABSON Hall | १०००००.०० | |
| २८ | वडा स्तरीय सरसफाई अभियान (सम्पूर्ण घोला नाला, सडक पेटी, सार्बजनिक स्थल लगायत सम्पूर्ण भित्रि भाग सरसफाई ) | १०००००.०० | १९९ टोल - २ प्याकेट मास्क र ग्लोब्स वडा, सिचाई मौजा इत्यादि १०० प्याकेट |
| २९ | नगर स्तरीय रक्तदान कार्यक्रम तिलोत्तमा नगरपालिकाको प्राङ्गणमा | १०००००.०० | |
| ३० | नगर स्तरीय बिद्यालय/क्याम्पस शौचालय सरसफाई अभियान (सम्पूर्ण स्कुल शौचालय सरसफाई गर्ने) | | |
| ३१ | लक्षित बर्गमा कम्पोस्ट बिन वितरण कार्यक्रम (आनन्दबन शंकरनगर खानेपानी संस्थाको सहलागानिमा कमाण्ड एरिया भित्रका उपभोक्ता) | | |
| ३२ | ६ लेन सडकमा मानब संग्लो तथा सरसफाई/ लगायत | १०००००.०० | |
| ३३ | दिप प्रज्वलन् | ५००००.०० | |
| ३४ | स्मारक बेस निर्माण | ३०००००.०० | |
| ३५ | स्मारक | ३५००००.०० | |
| ३६ | १०१ औ शृंखलाको स्मारक समुध्घाटन तथा मुख्य समारोहन कार्यक्रम | ४०००००.०० | |
| ३७ | अन्य आकस्मिक खर्च | ११०९०००.०० | |
| **जम्मा** | | ४६६८५००.०० | |



नारायण अर्याल
... अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं.-३

तिलोत्तमा नगरपालिका वडा नं.-४, ९, १०, ११ र १७ को भूमिहीन दलित, भूमिहीन सुकम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि आवाद कमोत गरेको जग्गा नापजाँच तथा व्लक स्वीकृत गरी छनौट तथा प्रमाणीकरणका लागि राष्ट्रिय भूमी आयोग, जिल्ला समिति, रुपन्देहीमा पठाउने निर्णय गरियो ।

निर्णय नं.-४

लुम्बिनी विशिष्टिकृत सहकारी संघ लिमिटेडलाई "तिलोत्तमा लगानी सम्मेलन २०७६" को प्रतिवद्धता अनुरुप तिलोत्तमा नगरपालिका वडा नं. १३ र ६ मा अवस्थित कित्ता नं. १० को ३-०-० (तीन विगाह) जग्गा लिजमा दिने तिलोत्तमा नगरकार्यपालिकाको मिति २०७६/०९/१० गतेको निर्णय बमोजिम तिलोत्तमा नगरपालिका र लुम्बिनी विशिष्टिकृत सहकारी संघ लिमिटेड बीच मिति २०७७/०५/१० गतेमा संझौता भएको तर मालपोत कार्यालय, बुटवलको प.स.०७९/०८० च.नं. ५५४८ मिति २०७९/१०/०९ गतेको पत्रबाट उक्त कि.नं. को जग्गा मि.नं.५०२ मिति २०७९/१०/१९ को मालपोत कार्यालय बुटवलको निर्णयले नेपाल सरकारको नाउमा कायम भएको पत्र प्राप्त भएको । पुनः लुम्बिनी विशिष्टिकृत सहकारी संघ लिमिटेडको प.स.०७९/०८० च.नं. १७६ मिति २०७९/१०/१७ गतेको पत्रबाट तिलोत्तमा नगरपालिका वडा नं.-६ मा अवस्थित साविक आनन्दवन गाविस वडा नं.-९घ कित्ता नं.१० को नेपाल सरकारको नाउमा कायम रहेको पूर्व कच्ची बाटो, पश्चिम तिनाउ करिडोरको बाटो, उत्तर बाखा पालन फार्म र दक्षिण ब्लक उद्योग रहेको ५-०-० (पाँच विगाह) क्षेत्रफलको जग्गा लिजमा उपलब्ध गराउनको लागि अनुरोध भई आएको र सो सम्बन्धमा तिलोत्तमा नगरपालिकाको वडा नं.-६ को कार्यालयको प.स.०७९/०८० च.नं. २७३२ मिति २०७९/१०/१७ गते पत्र मार्फत उक्त संस्थालाई साविक आनन्दवन गाविस वडा नं.-९घ कित्ता नं.१० को ५-०-० (पाँच विगाह) क्षेत्रफल जग्गा लिजमा उपलब्ध गराइदिने सिफारिस भई आएको तथा तिलोत्तमा नगरपालिकाको मिति २०७९/१०/१८ गतेको प्राविधिक प्रतिवेदन बमोजिम सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७९ को दफा ६(घ) को प्रावधान बमोजिम लुम्बिनी विशिष्टिकृत सहकारी संघ लिमिटेड, तिलोत्तमा-५ लाई तिलोत्तमा नगरपालिका वडा नं.-६ मा अवस्थित साविक आनन्दवन गाविस वडा नं.-९घ कित्ता नं.१० को नेपाल सरकारको नाउमा कायम रहेको पूर्व कच्ची बाटो, पश्चिम तिनाउ करिडोरको बाटो, उत्तर बाखा पालन फार्म र दक्षिण ब्लक उद्योग रहेको ५-०-० (पाँच विगाह) क्षेत्रफलको जग्गा लिजमा उपलब्ध गराउन आवश्यक प्रक्रियाको लागि मालपोत कार्यालय, बुटवललाई सिफारिस गर्ने निर्णय गरियो ।

रामकृष्ण खाण
नगर प्रमुख

नारायण अर्याल